# गुर्भाकोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

शुभाघाट,सुर्खेत
कर्णाली प्रदेश,नेपाल

प.स:- २०७६/०७७
च.नं:- १२०४

**प्रथम पटक प्रकाशित मिति २०७६।११।१५**

*विषय :- निशुल्क अत्याबश्यकिय औषधि सामाग्री खरिद सम्बन्धि दरभाउपत्र आव्हान सूचना*

यस नगरपालिकाबाट सूचना प्रकासित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र दरभाउपत्र फाराम दस्तुर रु.१०००।– तिरी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र खरिद गर्नको लागी आ.ब. २०७६/०७७ का लागी नवीकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र औषधि ब्यबसायी प्रमाण पत्र आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता र कर चूक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखि रु १०।– को टिकट टांसि दरभाउपत्र खरिद गर्न यस नगरपालिकामा निबेदन पेश गर्नु पर्ने छ ।

**शर्तहरु**

१.सूचना प्रकाशित मितिले १५ औं दिन सम्म दरभाउपत्र फाराम बिक्रि बितरण हुनेछ । १६औं दिनको १२.०० बजे सम्म बिक्रि भई सकेका दरभाउपत्रहरुको दर्ता कार्य हुनेछ र सोही दिनको २.०० बजे दर्ता हुन आएका शिलबन्दि दरभाउपत्र फारामहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्र दाता प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधि नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र दाताले रु.४६,१०३।– बराबरको बैक जमानत वा यस नगरपालिकाको को रा.बा.बैक मेहलकुना शाखा सुर्खेत स्थित रहेको हि.नं ४४८०३०३००७१०२ धरौटी खातामा नगद जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्ने छ ।

२. दरभाउपत्र खरिद गर्ने दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा उक्त कार्यहरु सो को भोलीपल्ट हुनेछ ।

३.एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फाराम अर्को ब्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

४.दरभाउपत्र कबोल गरेको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठांउमा दस्तखत गरेको हुनु पर्ने छ ।

५. औषधि खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधिहरुमात्र खरिद गरिनेछ । बोतलमा सप्लाई हुने औषधिहरु प्लाष्टिक बोतल र चक्कीहरु स्ट्रिपमा हुनु पर्ने छ । सप्लाई हुने औषधिहरुको प्रत्यक प्याकिङको बाहिर उत्पादन मिति , म्याद गुज्रने मिति, ब्याच नम्बर, तथा *Supply for Ministry of Health & Population, Nepal* ( **यो औषधि/सामान बिक्रिका लागी होईन**) भन्ने बाक्यांश लेखिएको हुनु पर्ने छ ।

६.औषधि दाखिला हुन आउदा सम्म औषधिको म्याद १८ महिना बांकि हुनु पर्ने छ तर कुनै औषधिको म्याद १८ महिना भन्दा कम हुने अबस्थामा म्याद को ७५ प्रतिसत म्याद बांकि हुंदा दाखिला गर्न सकिने छ ।

७. दरभाउपत्रमा पेश गरेको मुल्य यस आ.ब. को लागी भएकोले आषाढ मसान्त सम्म कुनै प्रकारको मुल्य बृद्धि लाई स्वीकार गरिने छैन । औषधि खरिदमा थप रकम ब्यबस्था भई आएमा यसै दररेट अनुसार खरिद हुनेछ ।

८.दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंसिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस नगरपालिकालाई रहनेछ ।

९.सार्वजनिक खरिद नियमावली २०६४को नियम ४० ङ अनुसार दरभाउपत्र दाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको आफनो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धि कसुरमा आफले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र पेश गर्नु पर्ने छ ।

१०. यस सूचनामा छुट हुन गएको अन्य कुराहरु सार्वजानिक खरिद ऐन २०६३ र सार्वजानिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुने छ ।

प्रमुख प्रशासकिय अधिकृत
११।१५